# शिक्षक पेशागत विकास (TPD) तालिम/एक महिने प्रमाणीकरण तालिम सम्पन्न गर्नुभएका बागमती प्रदेश भित्रका शिक्षकहरूका लागि शिक्षा तालिम केन्द्र, धुलिखेलको जरुरी सूचना ।

**प्रकाशन मिति : २०८३/०३/१२ (शुक्रबार)**

शिक्षा तालिम केन्द्र, धुलिखेलको वार्षिक कार्यक्रम अनुसार विभिन्न मिति र समयमा सञ्चालन भएका १ महिने शिक्षक पेशागत विकास (TPD) तालिम (M1 M2 **र** M3 **मोडुल गरी ३ चरणमा** वा p1 **र** p2 **फेज गरी २ चरणमा** वा तालिम केन्द्रमा आधारित १५ दिन र परियोजनामा आधारित १५ दिन गरी ३० कार्यदिन) सम्पन्न गरी **यो सूचना प्रकाशन भएको मितिसम्म पनि प्रमाणपत्र नलिनुहुने** तपसिल अनुसारका शिक्षकहरूले २०८३ साउन मसान्तभित्र अनिवार्य रूपमा देहाय अनुसार गर्नुहुन अनुरोध छ ।

१) M1 M2 र M3 मोडुल गरी ३ चरणमा वा p1 र p2 फेज गरी २ चरणमा वा तालिम केन्द्रमा आधारित १५ दिन र परियोजनामा आधारित १५ दिन गरी जम्मा ३० कार्यदिन बराबरको तालिम सम्पन्न गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट कोडिङ भई आएका शिक्षकहरू (**कोडिङ भई आएका शिक्षकहरूको विवरण शिक्षा तालिम केन्द्र धुलिखेलको वेबसाइट etc.mosd.bagamati.gov.np मा भएको अभिलेख खण्डमा नाम उल्लेख छ**) ले शिक्षा तालिम केन्द्र धुलिखेलबाट प्रमाणपत्र लिनुहुन ।

२) M1 M2 र M3 मोडुल गरी ३ चरणमा वा p1 र p2 फेज गरी २ चरणमा वा तालिम केन्द्रमा आधारित १५ दिन र परियोजनामा आधारित १५ दिन गरी जम्मा ३० कार्यदिन बराबरको तालिम सम्पन्न गरेका तर कोडिङ नभएका (**शिक्षा तालिम केन्द्रको वेबसाइटमा भएको अभिलेख खण्डमा नाम नभएका**) **शिक्षकहरूले** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीमा कोडिङका लागि विवरण पठाउन तालिम सम्पन्न गरेको प्रमाण सहित शिक्षा तालिम केन्द्र धुलिखेलमा निवेदन पेश गर्नुहुन ।

क. M1 M2 र M3 को मोडुल पूरा गरेको प्रमाण

ख. p1 र p2 को हकमा नतिजा

**थप जानकारी:**

- **M1, M2, M3 मोडुल गरी ३ चरणमा वा p1 र p2 फेज गरी २ चरण सम्पन्न गरेको भनी दाबी गर्ने तर शिक्षा तालिम केन्द्र धुलिखेलको अभिलेख पुस्तिकामा निज शिक्षकको तालिम सम्पन्न भएको विवरण उल्लेख नभएमा प्रमाणपत्र उपलब्ध गराउन नसकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।**
- माथि बुँदा नं. १ र २ दुवैको हकमा नागरिकताको प्रमाणपत्र र नियुक्ति पत्रको प्रतिलिपि तथा सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको फोटा २ वटा लिई आउनुपर्नेछ ।

नि. कार्यकारी निर्देशक
शिक्षा तालिम केन्द्र धुलिखेल